# अन्तिम लेखापरीक्षण प्रतिवेदन

भिमाद नगरपालिका, तनहुँ

## आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

**(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)**

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्याः २०७८/७९
च.नं.: २०८ मितिः २०७८।०५।०४

श्री नगर प्रमुखज्यू,
भिमाद नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
तनहुँ ।

**विषयः- <u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

**(इन्द्र प्रसाद आचार्य)**
**नायव महालेखापरीक्षक**

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

**२०७८ भाद्र ४ गते** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**

**(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)**

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्याः २०७८/७९  च.नं.: १३७ मितिः२०७८।०५।०४

श्री नगर प्रमूखज्यू,
भिमाद नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
तनहुँ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले भिमाद नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय- व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु.७५ लाख ९५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.६ लाख ४४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१७ लाख ५ हजार, नियमित गर्नुपर्ने रु.५२ लाख ४६ हजार र पेस्की बाँकी शुन्य रहेको छ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति २०७७।११।१० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्यौंट भएका दफाहरू हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २१ यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(इन्द्र प्रसाद आचार्य)**
**नायव महालेखापरीक्षक**

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस भिमाद नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु भिमाद नगरपालिकाको उद्देश्य रहेको छ । यस भिमाद नगरपालिका अन्तर्गत ९ वडा, ४९ सभा सदस्य, १२९ वर्ग किलोमिटर क्षेत्रफल तथा ३१३६२ जना जनसंख्या रहेको छ ।

## वित्तीय प्रतिवेदन

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गत वर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ६१२१८९९७८ | ५९१५५६३८४.९७ | | ५९१५५६३८४.९७ | | | |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ४७६२०४९७८ | ४५०२४६२३६.८३ | ० | ४५०२४६२३६.८३ | ० | ० | ० |
| ११००० कर | ११ | ९८६५१००० | ७०३०३५४६.१८ | | ७०३०३५४६.१८ | ० | ० | ० |
| १३००० अनुदान | | ३५७०५३९७८ | ३५१६६८७३९ | ० | ३५१६६८७३९ | ० | ० | ० |
| संघीय सरकार | १२ | ३२८३०८००० | ३२६५०८००० | ० | ३२६५०८००० | ० | ० | ० |
| प्रदेश सरकार | १२ | २८७४५९७८ | २५१६०७३९ | ० | २५१६०७३९ | ० | ० | ० |
| १४००० अन्य राजस्व | | २०५००००० | २८२७३९५१.६५ | ० | २८२७३९५१.६५ | ० | ० | ० |
| **ख. अन्य प्राप्ति** | | १३५९८५००० | १४१३१०१४८.१४ | ० | १४१३१०१४८.१४ | | | |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरू | | १२८६०००० | १५७५०८२२.१४ | ० | १५७५०८२२.१४ | ० | ० | ० |
| धरौटी | | ० | ४६८४९२६ | ० | ४६८४९२६ | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | १२३१२५००० | १२०८७४४०० | ० | १२०८७४४०० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६७५५०७९७८ | ५४४५८९९१३.४२ | | ५४४५८९९१३.४२ | | | |
| **ग. भुक्तानी (सञ्चित कोषबाट)** | | **५३९५२२९७८** | **४०९३६६५९०.५०** | | **४०९३६६५९०.५०** | | | |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १८४०६५००० | १६२७४६८३९ | ० | १६२७४६८३९ | ० | ० | ० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ११४६७१००० | ८३००९३७०.५० | ० | ८३००९३७०.५० | ० | ० | ० |
| २५००० सहायता (Subsidy) | १८ | १६००००० | १०००००० | ० | १०००००० | ० | ० | ० |
| २६००० अनुदान | १८ | २१००००० | २०४७५०० | ० | २०४७५०० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | २९४५००० | २३७४८०४ | ० | २३७४८०४ | ० | ० | ० |
| २८००० अन्य खर्च | १८ | १८००००० | ८११९०० | ० | ८११९०० | ० | ० | ० |
| ३१००० गैर वित्तीय सम्पत्ति/पुँजीगत खर्च | १८ | २३२३४१९७८ | १५७३७६१७७ | ० | १५७३७६१७७ | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **घ. अन्य भूक्तानी** | | **१३५९८५०००** | **१३५२२३३२२.९२** | **०** | **१३५२२३३२२.९२** | | | |
| कोषहरू | | १२८६०००० | १०६२६१९२.९२ | ० | १०६२६१९२.९२ | ० | ० | ० |
| धरौटी | | ० | ३७२२७३० | ० | ३७२२७३० | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | १२३१२५००० | १२०८७४४०० | ० | १२०८७४४०० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (६३३१८०००) | ४६९६६४७१.५५ | | ४६९६६४७१.५५ | | | |
| **च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)** | | | **८३७३३३४९.२६** | | **८३७३३३४९.२६** | | | |
| **वर्षान्तको बाकी रकम (ङ + च)** | | (६३३१८०००) | **१३०६९९८२०.८१** | | **१३०६९९८२०.८१** | | | |
| **बैंक तथा नगद बाकी** | २४ | | **१३०६९९८२०.८१** | | **१३०६९९८२०.८१** | | | ० |

## विनियोजन तर्फः

| क्र.सं. | बजेट उपशीर्षक | वार्षिक बजेट | निकासा | खर्च | पेश्की |
|---|---|---|---|---|---|
| | ३४०००१०५३ राष्ट्रपति महिला उत्थान कार्यक्रम | १००००.० | ०.० | ०.० | - |
| | ३०१०००१ मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | १००००००० .० | १००००००० .० | १००००००० .० | - |
| | जम्मा | १००१००००.० | १०००००००.० | १०००००००.० | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **असुलीः** लेखापरीक्षणको क्रममा रु.४७२४१ असुल भई सम्वन्धित शिर्षक खातामा दाखिला भएको छ । | |
| | **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्नेमा लागू गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खातामा रु.३३४०७५.६८, पुँजीगत खर्च खातामा रु.२९४२६९७८.८२ समेत गरी रु.२९७६१०५४.५ मौज्दात रहेकोमा उक्त रकम मिति २०७७/४/१३ मा संचित कोष खातमा फिर्ता गरेको पाइयो ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान लिलाम गर्नुपर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भरपाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा जिल्ला दररट प्राप्त भएपछि मात्र तोक्ने गरेको पाइएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाइएन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ ८ र प्रशासनिकतर्फ ३९ समेत ४७ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा १३ संघिय सरकारबाट १ स्थानिय तहमा कार्यरत, १ लोकसेवा बाट र ८ करारबाट समेत २३ पदपूर्ती भएकोले कार्यलय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाइयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १५ ऐन, ९ नियमावली, १८ कार्यविधि ३ निर्देशिका र ३ नर्म्स समेत ४८ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।<br>• फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ मा फोहोरको व्यवस्थापन गरी गाउँ नगर सफा राख्ने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख भएकोमा पालिकाले फोहोरमैला व्यवस्थापन गर्न दीर्घकालिन योजना वनाई कार्यान्वयन गरेको पाइएन ।<br>• सामाजिक सुरक्षा कार्यक्रम संञ्चालन कार्यविधि २०७५ नियम ३३ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्नेमा नगरेको साथै पालिकावाट पठाएको रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed) विवरण पेश गर्नुपर्ने व्यवस्था रहेकोमा नगरपालिकामा उक्त शर्तअनुसार वैकवाट चौमासिक रुपमा जम्मा भएको विवरण प्राप्त भएको देखिएन।<br>• नगरपालिका र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन जग्गा सवारी साधन फर्निचर विद्युतिय सामान लगायतका सम्पत्तीको मुल्याङकन समेत देखिने गरी अभिलेख अद्याबधिक गर्नुपर्नेमा सो गरेको पाइएन। | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • नगरपालिकाले यस वर्ष रु.११९१५१०००.० राजश्व अनुमान गरेकोमा रु.९८५७७४९७.८३ प्राप्त गरेको छ । राजश्व अनुमान गरे अनुसारको राजश्व उठाउन पालिकाले पहल गर्नु पर्ने देखिन्छ ।<br>• स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा गांउपालिका क्षेत्रमा स्थल जल वायु तथा ध्वनि प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने व्यवस्था भएता पनि पालिकाले त्यस तर्फ ध्यान पुर्याएको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१२) वमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनको स्वामित्व उपभोक्ता समिती वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था भएता पनि पालिकाले हस्तान्तरण गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ उपनियम ११ मा निर्माण कार्य सम्पन्न गरेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले यस वर्ष संचालन गरेको योजना निर्माण कार्यको लगत राखेता पनि विगत वर्षदेखी भएको कार्यको लगत अद्यावधिक गरेको देखिएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७ वमोजिम स्थानिय तहले भु जोखिम संवेदनशिलताका आधारमा जग्गाको उपयोग सम्वन्धि मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृती दिन सक्ने व्यवस्था भएता पनि सो बमोजिम गरेको पाइएन ।<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था भएता पनि प्रतिवेदन पेश गरेको पाइएन ।<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउने व्यवस्था भएता पनि सही बमोजिम गरेको पाइएन ।<br>• तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| | **योजना तर्जुमा, बजेट तथा कार्यक्रम** | |
| ३. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप- प्रमुख श्री शारदा खनालले २०७६।०३।१० गते रु.४४ करोड ९७ लाख ३० हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।१६ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।०३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गरेता पनि अख्तियारी ढिला दिएको पाइएकाले समयमा अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४. | **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | |
|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक |
| १ | भिमाद न.पा.पुँजिगत | १५३७७०.१३३ | ११०३१.१७९ | ४८५६९.७२४ | ९४१६९.२३ |
| २ | शशर्त अनुदान पुँजिगत | ३६०६.०४४ | ०.० | ० | ३६०६.०४४ |
| ३ | स्थानिय पुर्वाधार विकास साझेदारी | ११८२५.६१३२ | ०.० | ० | ११८२५.६१३२ |
| ४ | पर्यटन पूर्वाधार विकास कार्यक्रम | २५०० | ०.० | ० | २५०० |
| ५ | राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभाग पुँजिगत | १९५.९५ | ०.० | १९५.९५ | ०.० |
| ६ | गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालय | २९२५.० | ०.० | ०.० | २९२५.० |
| | कूल खर्चः | १७४८२२.७४०२ | ११०३१.१७९ | ४८७६५.६७४ | ११५०२५.८८७२ |
| | खर्च प्रतिशत | | ६.३१ | २७.८९ | ६५.७९ |

उपरोक्त खर्च मध्य खर्चको ६५.७९ प्रतिशतसम्म तेश्रो चौमासिकमा र रु.६२१८६.००६ हजार अषाढ महिनामा खर्च भएको छ जुन जम्मा खर्चको ३५.५७% हुन आउछ । मन्त्रालय तथा अर्थ समितिले तोकेको कार्यविधि र नीति संगत भएन । छोटो समयमा बजेटको ठूलो अंश खर्च गर्ने प्रबृतिले सम्पन्न कार्यक्रमको गुणस्तरमा ह्रास आउने, अनुगमन कार्य प्रभाबकारी रुपमा हुन नसक्ने देखिएकोले कार्यक्रम सञ्चालनको लागि समयमानै अख्तियारी पठाउने तथा निकासा गर्ने तर्फ तालुक निकाएको समेत ध्यान जान जरुरी देखिएको छ ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५. | **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | २७०७२००० | १६९११३५६ | ४.१३ |
| सामाजिक क्षेत्र | २३२३८६००० | २०६५६६५१४.५ | ५०.४६ |
| पूर्वाधार विकास क्षेत्र | १३३४१९९७८ | १०८७६२९७२ | २६.५६ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ५२२७००० | ९६५४४० | ०.२३ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १४१४१८००० | ७६१६०३०८ | १८.६२ |
| **जम्मा** | **५३९५२२९७८** | **४०९३६६५९०.५** | **१००.०** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छः | |
| ५.१. | **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ११३४७६८७१.० राजस्व बाँडफाँड र अनुदानबाट रु.४१८३९०२६९.० समेत रु.५३१८६७१४०.० आम्दानी भएकोमा चालु तर्फ रु.२५१९९०४१३.० र पूँजिगत तर्फ रु.१५७३७६१७७.० र बित्तिय ब्यबस्था तर्फ रु.०.० समेत रु.४०९३६६५९०.०खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २७.७२ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.५३५७००२.० खर्च भएको छ जुन आन्तरिक आयको ४.७२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८२.०३ प्रतिशत चालु र ६७.७३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | |
| ६. | **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न १२ पदमा ५४ जना कर्मचारीहरु करारमा राखी रु.११७२७२८२.० खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ६ पदमा १० जना करार नियुक्ति गरी बर्षभरीमा रु.२२६२३३०.० भुक्तानी गरेको गरेको अनियमित देखिएको रु.<br>नगरपालिकामा स्थायि दरवन्दीमा पदपूर्ती नभएकाले करारमा कर्मचारी लिनु परेको पालिकाको भनाइ रहेको छ । | २२६२३३० |
| ७. | **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १२ र यो बर्ष थप भएको ६१ गरी कुल ७३ विवाद दर्ता भएकोमा ४६ वटा मात्र फछ्र्यौट भई २७ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ८. | **आन्तरिक लेखापरीक्षण** -स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहमा आन्तरिक लेखापरीक्षक नियुक्त नभएकाले २०७६।७७ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । च.नं.६४ मिति २०७७/४/१५को पत्रबाट को.ले.निका तनहुँलाई पत्रचार गरेता पनि लेखापरीक्षण नभएको पाइयो । कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| | **पदाधिकारी सुविधा** | |
| ९. | **इन्धन बढी भुक्तानीः** गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ मा नगरपालिकाका पदाधीकारीले वडा अध्यक्षहरुले प्रति महिना १५ लिटर वा रु.१५०० का दरले भुक्तानी दिनुपर्नेमा रु.२०००.० का दरले भुक्तानी दिएको पाइयो । २०७६ | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | कार्तीकबाट भुक्तानी दिनु पर्नेमा १२ महिनाकोनै भुक्तानी भएकोले बढी भुक्तानी सम्बन्धीतबाट असुल गर्नुपर्ने रु. | ८४००० |

| क.स | पदाधिकारीको नाम | भुक्तानी भएको महिना | भुक्तानी इन्धन दर | जम्मा भुक्तानी | भुक्तानी हुनु पर्ने महिना | भुक्तानी हुनु पर्ने दर | जम्मा हुनु पर्ने भुक्तानि | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| १ | सोमनाथ शर्मा | १२ | २००० | २४००० | ९ | १५०० | १३५०० | १०५००.० |
| २ | भवानी शंकर लम्साल | १२ | २००० | २४००० | ९ | १५०० | १३५०० | १०५००.० |
| ३ | भुपेन्द्र मल्ल | १२ | २००० | २४००० | ९ | १५०० | १३५०० | १०५००.० |
| ४ | डम्बर बहादुर राना | १२ | २००० | २४००० | ९ | १५०० | १३५०० | १०५००.० |
| ५ | पदम बहादुर थापा | १२ | २००० | २४००० | ९ | १५०० | १३५०० | १०५००.० |
| ६ | सूर्य कुमार श्रेष्ठ | १२ | २००० | २४००० | ९ | १५०० | १३५०० | १०५००.० |
| ७ | बुद्धिमान श्रेष्ठ | १२ | २००० | २४००० | ९ | १५०० | १३५०० | १०५००.० |
| ८ | इमान बहादुर थापा | १२ | २००० | २४००० | ९ | १५०० | १३५०० | १०५००.० |
| | जम्मा | | | | | | | ८४०००.० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १०. | **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.१९४३४२०.० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| ११. | **सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा नगरपालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ।नगरपालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म र मृत्यु दर्ता १००७,नाता प्रमाणित ४१५, घरवाटो सिफारिस ३१६, नागरिकता सिफारिस १०३१, अन्य ६०४९ वटा दर्ता गरेको पाइयो।अन्यमा ६०४९ वटा देखाइएकोमा अन्य कुन -कुनमा हो भनी यकिन हुन सकेन।नगरपालिकाले पञ्जिकरण दर्ता तथा सिफारिस सम्वन्धमा अभिलेख राखेको छैन।नगरपालिकाले ऐन वमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ। | |
| १२. | **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विरामी, रोगी, असक्त र बाढी पहिरोमा परेकालाई खर्चको मापदण्ड तयार गरी रु.५९९२६३.० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| | **अनुदान प्राप्ति, वितरण र फिर्ता** | |
| १३. | **अनुदान फिर्ता —** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेको रु.२२७०६०६८.५० मिति २०७७/४/११ मा को.ले.नि.का को राजश्व खातामा दाखिला गरेको प्रमाण पेश भएको छ भने रु.१४११७४९ नगरपालिकाबाट बढि खर्च भएको छ । | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | २०७७०८००० | १८७९५९९८७.५ | १९७४८०१२.५ |
| | विषेश | ० | ० | ० |
| | समपुरक | ४०००००० | १०४१९४४ | २९५८०५६ |
| | जम्मा | २११७०८००० | १८९००१९३१.५ | २२७०६०६८.५ |
| **प्रदेश सरकार** | शसर्त | ० | ० | ० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| | विषेश | ० | ० | ० |
| | समपुरक | ११३६४९७८ | १२७७६७२७ | -१४११७४९ |
| | **जम्मा** | ११३६४९७८ | १२७७६७२७ | -१४११७४९ |

१४. **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि र पशुमा रु.३७९७०३ को गोठ सुधार, खोर सुधार र यन्त्रीकरणमा २३ कृषकलाई अनुदान वितरण गरेको छ ।साथै नगरपालिकाबाट पाथर्दी बाख्रा पालन कृषक समुहलाई बाख्रा पालनलाई प्रोत्साहन गर्नका लागि मिति २०७६/१०/२९ को वडाको निर्णय बमोजिम प्रति केजि रु.५ को दरले १९९६० के.जी को रु.९९८०० अनुदान कार्यविधि वेगर वितरण भएको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

१५. **अनुत्पादक खर्च** - सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा खर्च गरेको उदाहरण निम्नानुसार छन् ।

| सि.नं. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | जनसेवा अमा समुह | भवन निर्माण | २३९७७९.० |
| २ | पाईमी मण्डली चर्च सिलिङ्ग निर्माण | चर्च निर्माण | १९५०००.० |
| ३ | साल चौतारा अमा समुह | भवन निर्मण | १९५०००.० |
| ४ | गाउँसुधार अमा समूह | भवन ढलान | १९५०००.० |
| ५ | तेस्रो मेयर कप संचालन | मेयर कप | १५०००००.० |
| | **जम्मा** | | २३२४७७९.० |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

**कर दस्तुर एवं आन्तरिक आय**

१६. **सामुदायिक वनवाट रकम प्राप्त नगरेको**ः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि तथा उपयोग सम्वन्धी वार्षिक कर्यायोजना वनाई सम्वन्धीत तहवाट स्वीकृत गराउनुपर्ने र सामुदायिक वनले वन पैदावारको विक्रि वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा वुझाउनुपर्ने व्यवस्था छ । जिल्ला वन कार्यालयवाट प्राप्त विवरण अनुसार यस पालिका अन्तर्गत देहायका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि गरेकोमा उक्त रकमको १० प्रतिशतले हुने रकम यस पालिकामा वुझाउनुपर्नेमा वुझाएको छैन भने उक्त रकम उठाउन स्थानीय तहले कुनै पहल समेत गरेको देखिएन । उक्त रकम सम्वन्धित सामुदायिक वन उपभोक्ता समितिसँग असुल गरी नगरपालिका खातामा दाखिला गर्नुपर्ने रु .. ४७०५५४

| समूहको नाम | ठेगाना | मु.अ.कर | कुल विक्री रकम | १० % ले हुने रकम |
|---|---|---|---|---|
| स्याखुर | भिमाद १ | ६२३००.० | ४७९२३१ | ४७९२३ |
| नवज्योति | भिमाद १ | ६०३३०.० | ४६४०७७ | ४६४०८ |
| रघुवलीसाप लट नं. १ | भिमाद २ | ८५९३५.० | ६६१०३८ | ६६१०४ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| रघुवलीसाप लट नं. ३ | भिमाद २ | ११४६७०.० | ८८२०७७ | ८८२०८ |
| रघुवलीसाप | भिमाद २ | ९६८८५.० | ७४५२६९ | ७४५२७ |
| शिवशक्ति | भिमाद १ | ६६११०.० | ५०८५३८ | ५०८५४ |
| शिवशक्ति | भिमाद १ | | ० | ० |
| वाघकुना | भिमाद ६ | ६२४०५.० | ४८००३८ | ४८००४ |
| रघुप्रिय | भिमाद ७ | ६३०८५.० | ४८५२६९ | ४८५२७ |
| | | ६११७२०.० | ४७०५५३८ | ४७०५५४ |

१७. **राजस्वको अभिलेख** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष राजस्व आम्दानीतर्फ म.ले.प.फा.नं. १०८, १०८क र २३ का खाताहरू राखेको छैन । कुन वडाबाट कति राजस्व प्राप्त भएको हो भन्न सकिने अवस्था रहेन ।अतः पालिकाले वडा अनुसार छुट्टाछुट्टै रसिद आवश्यकता अनुसार उपलब्ध गराउनु पर्दछ र प्राप्त आम्दानी रुजु गरी ऐनको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८, १०८क र म.ले.प.फा.नं. २३ का नयाँ संशोधित फारममा प्रविष्ट गरी राजस्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ ।

- पालिका आफैले संकलन गरेको राजस्व वाहेक वडा कार्यालयवाट प्राप्त रकमको शिर्षकगत विवरण नराखेको कारण कुन शिर्षकमा कति रकम प्राप्त भयो कुनै अभिलेख राखेको छैन ।
- यस कार्यालयले उठाउने सबै प्रकारका राजश्वहरुको लगत अद्यावधिक गरि उठाउनुपर्नेमा उठाएको छैन ।

१८. **रकम ढिला दाखिला गर्ने** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९(६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैङ्क दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिनभित्र बैङ्क दाखिला गर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तर्गतका केही वडाहरूले मासिक रुपमा मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्नेतर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ ।

१९. अन्तरीक आयको ठेक्का लगाउँनु पूर्व नगरपालिकाले IEE गराई जिल्ला समन्वय समितीबाट स्विकृत गराई सो IEE मा उल्लेखीत परीमाणका नदी जन्य पदार्थ निकाल्न पाउने व्यवस्था भएता पनि नगरपालिकाले सो रिपोट लेखापरीक्षणको क्रममा उपब्ध गराउन नसकेकाले सही किसीमले नदी जन्य पदार्थको उत्खनन भएको छ भन्न सकिएन । पालिकाले सो अयको सुचना निकाल्दा एकमुष्ट रकम बुझाउनेलाइ ५% छुट दिने व्यवस्था गरी सुचना निकालेको पाइयो । निर्माण व्यवसायीहरुले सो सुचनको फाइदा लिई ठेक्का हाल्दा मिलेर हाल्ने र न्यूनतम भन्दा थोरै रकम फरक पारी ठेक्का सदर गराउने र त्यसमा पनि एकमुष्ठ रकम बुझाई ५% छुट लिई न्युनतम कबोल भन्दा कम रकममा ठेक्का सकार गरेको पाइयो । अतः ठेक्काको सूचनामा ५% छुटको विषायलाई ध्यानदिई सुचना प्रकाशन गर्नु पर्ने देखिन्छ । केही उदाहरण

| क्र सं | घाटको नाम | फर्मको नाम | न्युनतम कायम | कबोल | छुट पछि कायम | घट्न गएको मु.अकर समेत |
|---|---|---|---|---|---|---|
| १ | कार्तिके / सेतिनदि घाट | ए सिक्स एग्रिगेट कम्पनी | ६५८६०० | ६६०००० | ६२७००० | ३६१८२ |
| २ | दहत्तर वहत्तर र काठ दाउरा नकासी शुल्क | ब्रदर्श कन्ट्रक्सन | २०००००० | २००१००० | १९००९५० | ११३४१२.२५ |

२०. **राजश्व बाँडफाँड-** स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको निजि जग्गाको ढुङ्गा

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गिटी उत्खनन गरी रु.२८९३७५८.० रकम नगरपालिकाले विभाज्य कोष खाताबाट नगरपालिकाको संचित कोष खातामा ट्रान्सफर गरेको पाइयो । | |

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|
| ए सिक्स एग्रिगेट कम्पनी प्रा.लि | १९६६०९४.० | ७८६४३७.६ | ०.० | ७८६४३७.६ |
| शिव शक्ति ढुङ्गा बालुवा क्रसर उद्योग | ९२७६६४.० | ३७१०६५.६ | ०.० | ३७१०६५.६ |
| जम्मा | २८९३७५८.० | ११५७५०३.२ | | ११५७५०३.२ |

२१. **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, -५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | २५००००० | ८०७४१५ | ३२.२९ |
| घरजग्गा वहाल कर | ७००००० | १३९२४६५.५४ | १९८.९२ |
| व्यवसाय कर | ५००००० | ५८३१९५.० | ११६.४३ |
| वहाल विरौटी शुल्क | १००००० | ० | ० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

२२. **नन्फाइलर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.१०४७५०८३.६४ समेत रु. १२०५०९८.१ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । भुक्तानीको क्रममा नगरपालिकाले मु.अ.कर रकम ५०% कट्टा गरी सम्बन्धीत राजश्व शिर्षकमा दाखिला गरेकोले बाँकी ५०% ले हुन आउने रु.६०२५४९.०५ को मु.अ.कर कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु. — बेरुजू रकम: १२०५०९८.१

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मु.अ.कर कर रकम | नन्फाइलर रहेको मिति |
|---|---|---|---|---|---|
| ३१६/४५०-०७७/३/२६ | अमर कन्ष्ट्रक्सन | ६०३१०३२९२ | ६३५५५०६.८८ | ७३११६४.५० | 2076/m/11 |
| २/९-०७७/३/२४ | एस.अर निर्माण सेवा एण्ड सप्लायर्स | ६०४३४९७२५ | ४११९५७६.७६ | ४७३९३३.६ | 2077/m/2 |
| | जम्मा | | १०४७५०८३.६४ | १२०५०९८.१ | |

२३. **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| १-०७७/३/१३ | सिद्धगुफा पूर्वाधार विकास उ.स | शौचालय र ट्रस्ट निर्माण | २९२५००० | डोजर | १५०००६.० |
| १-०७७/३/२५ | मदन अश्रीत रंगशाला निर्माण उ.स | रंगशाला निर्माण | २९२५००० | स्काभेटर | २३२२९९.० |
| १-०७७/२/२१ | भिम गोफा मोटर मार्ग उ.स | मोटरमार्ग स्तरउन्नती | ९७५००० | डोजर स्काभेटर | ८३०४८० |
| ५-०७७/३/१६ | रिठ्ठा भन्ज्याङ्ग देखि जरेवर मोटर मार्ग स्तरोन्नती उ.स | मोटरमार्ग स्तरउन्नती | ९७५००० | डोजर स्काभेटर | १०४१०२०.० |
| ४०८-०७७/३/१८ | बरपोखरी पाथर्दी सामुदायीक होमस्टे | मोटरमार्ग स्तरउन्नती | १०००००० | डोजर स्काभेटर | ९१४४५७.० |
| ५६-०७६/९/२० | देव तमन्ती मोटरमार्ग योजना उ.स. वडा नं. ४ | सडक निर्माण | ४५०००० | जे.सी.बी. | ३८३६२९.४० |
| ३१०-०७७/३/१ | राधाकृष्ण मोटरमार्ग उ.स. वडा नं.८ | सडक निर्माण | ३९००००.० | जे.सी.बी. | १७८६८८.५८ |
| ४३५-०७७/३/२३ | क्याङ्गदी देउराली मोटरमार्ग स्तरोन्नती उ.स. वडा नं. ८ | सडक निर्माण | ३९००००.० | जे.सी.बी. | १२६८५७.२४ |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

२४. **मु.अ.कर भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिले गरेको खर्चको स्रेस्ता, विलभर्पाई स्थानीय निकायले जाँचगरी प्रतिवेदन लिने व्यवस्था छ । यो बर्ष उपभोक्ता समिति लाई खरिदमा मुल्य अभिबृद्धि कर सहित रकम भुक्तानी दिनेगरी लागत अनुमान गरी सोहि बमोजिम कार्य सम्पन्न भई भुक्तानी दिएकोमा विलमा समावेश भएको भन्दा वढी भुक्तानी भएको मुल्य अभिबृद्धि कर असुल गरी संचित कोष दाखिला गर्नु पर्ने रु... ६१०६२.७८

| भौ.नं. | कार्यक्रम | कामको विवरण | उ.स भुक्तानी रकम | का.स. अनुसार भु. मु.क.कर रकम | विलमा समावेश मु.अ.कर रकम | न.पा.को अंश | घटी मु.अ.कर रकम रु |
|---|---|---|---|---|---|---|---|
| ३१२-०७७/३/१ | कटनछाप मोटरमार्ग पक्की नाला निर्माण तथा बाटो विस्तार योजना वडा नं.९ | नाला निर्माण | २९२५००.० | २९९६०.८५ | २३६८९.३५ | ८९.३% | ५६००.४५ |
| ३१४- | डुम्रिस्वाँरा | नयाँ | ९७५००.० | १४४२३.७६ | १२२६३.७६ | ७७.८% | १६८०.५१ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ०७७/३/१ | कथर्दी नयाँ ट्र्याक निर्माण योजना वडा नं. ४ | ट्र्याक निर्माण | | | | | |
| ३१९-०७७/३/२ | छालुङ्ग मोटरमार्ग नयाँ ट्र्याक वडा नं. १ | नयाँ ट्र्याक निर्माण | ९७५००.० | १४३५९.४५ | ११६३०.१४ | ७८.०९% | २१३१.५९ |
| ३२७-०७७/३/५ | टुकमराङ्ग ढापखोला मोटरमार्ग नयाँ ट्र्याक निर्माण उ.स. वडा नं. ८ | नयाँ ट्र्याक निर्माण | १९५०००.० | २८२५३.३७ | २१९६१.८ | ७९.४% | ४९९५.५१ |
| ३३०-०७७/३/१५ | रातामाटा कुँढाली नयाँ ट्र्याक उ.स. वडा नं. १ | नयाँ ट्र्याक निर्माण | १४६२५०.० | २११३१.६७ | १६९६९.०२ | ७९.६२% | ३३१४.३० |
| ३३८-०७७/३/७ | थिम मसरडाँडा मोटरमार्ग उ.स. वडा नं. ७ | बाटो निर्माण | २९२५००.० | ४२३७१.८२ | ३५०९०.२५ | ७९.४% | ५७८१.५७ |
| ३४०-०७७/३/७ | सम्धी खोला हुँदै मैदिखोला मोटरमार्ग योजना वडा नं. २ | बाटो निर्माण | ३९००००.० | ५७५८८.८७ | ४६६६१.९५ | ७७.९१% | ८५१३.१६ |
| ३७७-०७७/३/१७ | माझकोट लोकतान्त्रिक मोटरमार्ग उ.स. वडा नं. ३ | बाटो निर्माण | ९७५००.० | १४६२५.८३ | ११६४२.८४ | ७६.७% | २२८८.२३ |
| ३८९-०७७/३/१७ | बोमा भानिश्वर नयाँ ट्र्याक निर्माण योजना उ.स. वडा नं. १ | नयाँ ट्र्याक निर्माण | २४३७५०.० | ३५६४८.९८ | २८७६१.०६ | ७८.६६% | ५४१८.०४ |
| ४२१-०७७/३/२२ | मैदी मोटरमार्ग निर्माण योजना वडा नं. ४ | बाटो निर्माण | ९७५००.० | १४६०४.४३ | ११४४८.० | ७८.८% | २४८७.२७ |
| ४२४-०७७/३/२२ | दुम्सादी फाँट मोटरमार्ग नयाँ ट्र्याक निर्माण | नयाँ ट्र्याक निर्माण | १९५०००.० | २८५४९.४४ | १६८१३ | ७८.६% | ९२२४.८४ |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td></td><td>योजना वडा नं. ५</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४७२-०७७/३/२७</td><td>भिम देउराली मोटरमार्ग उ.स. समिति वडा नं. ७</td><td>बाटो निर्माण</td><td>९०५३३७.०</td><td>१३३०९४.४२</td><td>१२०७९९</td><td>७८.३%</td><td>९६२७.३१</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>६१०६२.७८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५.</td><td>बढी भुक्तानीः भौ. १०-०७६/६/१४ बाट मिरमिरे वालउद्यान उपभोक्ता समिति वडा नं. ८ मार्फत २०७६/३/८ मा सम्झौता भई बालउद्यान निर्माणको काममा श्रमदानको अंश कट्टी गरी रु.२९२५०० भुक्तानी दिनुपर्नेमा रु.२९४००० भुक्तानी दिइएकाले बढी भुक्तानी गरी रकम असुल गरी नगरपालिकाको संचितकोषमा दाखिला गर्नुपर्ने रु..</td><td>१५००</td></tr>
<tr><td>२६.</td><td>ट्याक्टर खरिदः भौ.५२-०७६/९/१७ बाट माझकोट साना किसान कृषि सहकारी संस्था लि. भिमाद-४ सँग नगरपालिकाको ७०% र संस्थाको ३०% लागत सहभागिता रहने गरी कार्यपालिका निर्णय गरी संस्थासँग ट्याक्टर खरिदका लागि २०७६/७/६ मा सम्झौता भएको देखिन्छ । क्याटलग सपिङ्ग विधिबाट 2WD, 60HP, 2200kg lifting capacity को ट्याक्टर खरिद गर्ने गरी भ्याट सहित रु.२० लाख को लागत अनुमान तयार गरी प्राविधिक प्रस्ताव माग गरी प्रक्रिया अनुसार बतास ब्रदर्श र पालिका बीच २०७६/९/७ मा रु.१८,९४,०००.० मा खरिद गर्ने गरी सम्झौता भएको र सहकारी संस्थासँगको सम्झौता अनुसार पालिकाले रु.१३,२५,८००.० भुक्तानी दिएको देखिन्छ ।पालिकाले एउटै संस्थालाई ठूलो रकम लगानि गरेको र अन्य यन्त्रीक सामान खरीद नभएकोले कार्यविधि समेत नभएकाले कार्यविधिबनाई कस्तो क्षेत्र र कति रकम लगानी गर्ने यकिन गरी अनुदान दिनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२७.</td><td>सर्भे मेसिन खरिदः भौ. १६-०७६/७/१४ पालिकाले यस वर्ष प्राविधिक शाखाका लागि सर्भे कामको प्रयोजनकालागि १ थान Eletronic total station Pentax (r202P) सर्भे मेसिन फिस्टेल सप्सालायर्सबाट कोटेशन मार्फत खरिद गरी रु ४९९१७७ भुक्तानी दिएको देखिन्छ । सोको प्रयोग मार्फत परामर्श खरिद कार्यमा न्यूनिकरण गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td></td><td>नगरपालिका चालु तर्फः</td><td></td></tr>
<tr><td>२८.</td><td>विमा नगराएकोः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा दश लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्दा अनिवार्य विमा गराउनु पर्ने व्यवस्था बमोजिम लागत अनुमान तयार गर्दा विमाको व्यवस्था गरेको तर निर्माण कार्यमा विमा नगराएको निर्माण कार्यका केही उदाहरणहरु</td><td></td></tr>
<tr><td></td><td>
<table>
<tr><th>क्र.सं.</th><th>निर्माण काम</th><th>निर्माण व्यवसायी</th><th>लागत अनुमान</th><th>विमा रकम</th></tr>
<tr><td>१</td><td>चिहान डाँडा मोहरिया सिद्धगुफा सडक</td><td>अमर कन्ष्ट्रक्सन</td><td>१७२६३५३७.१९</td><td>३०००००.०</td></tr>
<tr><td>२</td><td>भि.सी.नेत्र बहादुर मोटर मार्ग कालोपत्रे</td><td>कन्ट्रयाक्टीङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.ली</td><td>१७१८९६५९.०४</td><td>३०००००.०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२९.</td><td>दोहोरो मु.अ कर भुक्तानीः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा खर्चको विल भर्पाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । किहु मोटरमार्ग स्तरोन्नती कार्य रु.४२१०३४७.४८ (मु.अ.कर समेत) मिति ०७७/३/१६ मा सम्पन्न गर्ने गरी सम्झौता भएको छ । निर्माण व्यसायीले हाल सम्म २ वटा रनिङ्ग विल पेश गरी रु.४११९५७६.७६ भुक्तानी लगेकोमा पि एस अइटममा राखेको विमा रकममा रु.१९२५८४.९२ मा मु.अ.कर रु.२५०३९.०४ गरी रु.२१७६२०.९५ को विल पेश भएकोमा पुन मु.अ.कर रु.२५०३९.०४ को मु.अ.कर रु.३२५५.० थपी भुक्तानी दिएकाले सो बढी भुक्तानी रकम असुल गर्नु पर्ने रु.</td><td>३२५५</td></tr>
<tr><td>३०.</td><td>मू.अ.कर भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिले गरेको</td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | खर्चको स्रेस्ता, विल भर्पाइ कार्यलयले जाँच गरी प्रतिवेदन लिने व्यवस्था छ । कार्यलयले यो बर्ष उपभोक्ता समितिले गरेको निर्माण कार्यको सामाग्री खरिदमा मूल्य अभिबृद्धि कर समेत समावेश भएको रनिङ्ग विल मूल्यांकन गरी भुक्तानी दिएको फाँटवारी परीक्षण गर्दा तपसिलका केहि निर्माण कार्यको विलमा समावेश भएको भन्दा बढी मूल्य अभिबृद्धि कर भुक्तानी भएको पाइयो । अतः निर्माण सामाग्री खरिद गर्दा उपभोक्ताले जिल्ला दर रेट भन्दा कम दरको मु.अ कर विजक पेश गरी बढी भुक्तानी लगेको रकम समितिवाट असुल हुनुपर्ने रु. | १५९९८ |

| गो.भौ./ मिति | निर्माण कार्यको विवरण | उ.स.लाई. विल भुक्तानी रकम | भुक्तानी रकम | विलमा समावेश भएको रकम | उ.भो लाई बढि भुक्तानी मु.अ.कर श्रमदान अश पछि |
|---|---|---|---|---|---|
| ४-०७७/३/२४ | जनज्योति मा.वि नयाँ घेराबारा सिमेन्टमा | ३००००० | २१७१०.० | १९६३६.० | १८६६.० |
| १-०७७/५/२१ | धर्म माध्यमिक विद्यालय सिमेन्टमा | ९७५०००.० | ८२१६५.५३ | ५२५७७.४३ | ३४०४.० |
| ४५५-०७७/३/२७ | हिमालय मा.वि सिमेन्टमा | १५००००० | २४८९४४.० | २०११४६.० | ४४०५.० |
| ३२४-०७७/३/२ | बुचाखानी मा.वि इट्टामा | १८०००००.० | २०३५९२.० | १३५७२८.० | ६३२३.० |
| | जम्मा | | | | १५९९८.० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३१. | **डीपीआर तथा परामर्श खर्च —** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| नगर यातायात गुरुयोजना निर्माण | अइडियल इन्जिरयरिङ्ग कन्ट्रक्सन सर्भिसेज प्रा लि | ७००००० | ६९२६९०.० | लागत अनुमान निर्धारण हुने प्रकृतिको नभएको |
| नगरपालिको डिजिटल प्रोफाइल निर्माण | फोर जि. इन्जिनियरिङ्ग सोलुसन प्रा.लि | २०००००० | १९३५००० | लागत अनुमान निर्धारण हुने प्रकृतिको नभएको |
| सेतिनदिको बहाब बाट भिमाद बजारमा क्षति हुन नदिन निर्माण गरिने तटबन्धको डी.पी.अर | बेन्च मार्क कन्सल्टेन्टस एण्ड ल्याव प्रा.लि | ४५०००० | ४४७४८० | १२,१८,०४,५४७.६८ |
| जम्माः | | ३१५०००० | ३०७५१७० | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |
| ३२. | **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४३ सामुदायिक विद्यालयहरु मध्य केही धेरै विद्यार्थी र सबैभन्दा थोरै विद्यार्थी भएको विद्यालयको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | दिपक मा.वि. | १४ | १४ | १ | २३८ |
| २ | धर्म मा.वि. | १२ | १२ | ६ | ४०१ |
| ३ | जनज्योति मा.वि. | १५ | १५ | ३ | ५६० |
| ४ | बुचाखानी मा.वि. | १७ | १७ | १३ | २२९ |
| ५ | सिद्धार्थ मा.वि. | १५ | १५ | ९ | ३३९ |
| ६ | बाल कल्याण आ.वि. | ७ | ७ | ३ | ६६ |
| ७ | जयनेपाल आ.वि. | ७ | ७ | ४ | ७३ |
| ८ | ज्ञानज्योति स.आ.वि | २ | २ | ० | १७ |
| ९ | सिद्धज्योति प्रा.वि. | ३ | ३ | २ | १७ |
| १० | भौरव प्रा.वि. | २ | २ | २ | १४ |
| ११ | सिद्ध प्रा.वि. | ३ | ३ | २ | १२ |
| १२ | अकला प्रा.वि. | २ | २ | १ | ३० |

दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ साथै कम विद्यार्थी भएको विद्यालयलाई मर्ज गर्नुपर्ने देखिन्छ ।

३३. **सेनेटरी प्याडः** सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०६७ को बुदा नं. ६(४) मा विद्यालयका सम्पर्क व्यक्तिले छात्राहरुलाई एउटा महिनावारी चक्रका लागि बढीमा सोह्र वटासम्म सेनिटरी प्याड उपलब्ध गराउनु पर्ने व्यवस्था छ साथै बुदा १७(क) मा विद्यालयका छात्राहरुको संख्याको अधारमा अवश्यक पर्ने सेनिटरी प्याड स्थानिय तहसँग माग गर्ने व्यवस्था गरेको छ ।सोही कार्यविधीको अनुसुची १ को ११ मा Packaging size; minimum 8 pads per packet को हुनुपर्ने उल्लेख छ । नगरपालिकाले भौ नं. ५८-०७६/१२/२४ बाट २१ वटा विद्यालयलाई रु.४९९९८९.० को सेनेटरी प्याड खरीद गरी वितरण गरेको छ ।

३४. **लेखापरीक्षणः** कार्यक्रम कार्यान्वयन पुस्तीका २०७६/७७ को क्रियाकलाप नं. ५ मा लेखापरीक्षण गराउने व्यवस्था गरेको छ । नगरपालिकामा रहेका १४ वटा माध्यमीक विद्यालयलाई रु.१५०००.० का दरले रु.२१००००.० र आ.वि २९ वटा लाई रु.१००००.० का दरले रु.२९०००० गरी रु.५०००००.० निकासा दिएकोमा लेखापरीक्षण प्रतिवेदन पेश नभएकाले लेखापरीक्षण प्रतीवेदन पेश गर्नुपर्ने रु. — ५०००००

| सि.नं. | विद्यालयको नाम | भुक्तानी रकम |
|---|---|---|
| १ | दिपक मा.वि. | १५०००.० |
| २ | धर्म मा.वि. | १५०००.० |
| ३ | जनज्योति मा.वि. | १५०००.० |
| ४ | बुचाखानी मा.वि. | १५०००.० |
| ५ | सिद्धार्थ मा.वि. | १५०००.० |
| ६ | बाल शैक्षणिक मा.वि. | १५०००.० |
| ७ | पार्वती मा.वि. | १५०००.० |
| ८ | मंगलोदय मा.वि. | १५०००.० |
| ९ | अरुणोदय मा.वि. | १५०००.० |
| १० | शंकर मा.वि. | १५०००.० |
| ११ | पृथ्वी मा.वि. | १५०००.० |
| १२ | रघु मा.वि. | १५०००.० |
| १३ | वाल विकास मा.वि. | १५०००.० |
| १४ | हिमालय मा.वि. | १५०००.० |
| १५ | बाल कल्याण आ.वि. | १००००.० |
| १६ | जयनेपाल आ.वि. | १००००.० |
| १७ | ज्ञानज्योति स.आ.वि | १००००.० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | | | बेरुजू रकम |
|---|---|---|---|---|
| | १८ | वाल निकेतन आ.वि. | १००००.० | |
| | १९ | जनज्योति आ.वि. | १००००.० | |
| | २० | बालज्योति आ.वि. | १००००.० | |
| | २१ | बलभद्र आ.वि. | १००००.० | |
| | २२ | कोषनर प्रा.वि. | १००००.० | |
| | २३ | सुरेन्द्रज्योति प्रा.वि. | १००००.० | |
| | २४ | शिव प्रा.वि. | १००००.० | |
| | २५ | शारदा प्रा.वि. | १००००.० | |
| | २६ | नर प्रा.वि. | १००००.० | |
| | २७ | जनप्रेमी प्रा.वि. | १००००.० | |
| | २८ | सिद्धज्योति प्रा.वि. | १००००.० | |
| | २९ | भौरव प्रा.वि. | १००००.० | |
| | ३० | सिद्ध प्रा.वि. | १००००.० | |
| | ३१ | अकला प्रा.वि. | १००००.० | |
| | ३२ | दिपज्योति प्रा.वि. | १००००.० | |
| | ३३ | बालविद्याश्रम प्रा.वि. | १००००.० | |
| | ३४ | बुद्धज्योति प्रा.वि. | १००००.० | |
| | ३५ | हिमालय प्रा.वि. | १००००.० | |
| | ३६ | प्रगतिशिल प्रा.वि. | १००००.० | |
| | ३७ | शिद्धज्योति प्रा.वि.भिम | १००००.० | |
| | ३८ | जनता प्रा.वि. | १००००.० | |
| | ३९ | मदरसा गौसिया प्रा. वि | १००००.० | |
| | ४० | ज्ञानज्योति प्रा.वि. | १००००.० | |
| | ४१ | सिद्धार्थ प्रा.वि. | १००००.० | |
| | ४२ | किहुँ प्रा.वि. | १००००.० | |
| | ४३ | कल्याण प्रा.वि. | १००००.० | |
| | | जम्मा | ५०००००.० | |
| ३५. | **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहले तिन चौमासिकमा प्रत्येक चौमासिकमा आवश्यकताका आधारमा रु.५ लाख ननाघ्ने गरी जम्मा रु.१४४३९४८.० को औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः | | | |
| ३५.१. | आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको । | | | |
| ३५.२. | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको । | | | |
| ३५.३. | औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको । | | | |
| | तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | | | |
| ३६. | **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।प्रधानमन्त्री रोजगार कार्यक्रमका | | | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | संयोजकले २०७६ मंसीर २० बाट करार सम्झौता भङ्ग गरेकोले यो कार्यक्रम पुरा हुन नपाएको अवस्था रहेको पाइयो ।प्रधानमन्त्री रोजगार कार्यक्रममा रु.१६५६०००.० बजेट अएकोमा रु.२०३९४३.० खर्च भएको छ ।रोजगार संयोजकले संझौता भङ्ग गरेकाले र आयोजना छनोट नभएकाले योजनाको काम हुन नपाएको पालिकको भनाइ छ । | |
| | **सामाजिक सुरक्षातर्फ** | |
| ३७. | **सामाजिक सुरक्षातर्फ बढी निकासा** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले जेष्ठ नगरीक यम बहादुर बन्सीको खातामा प्रथम चौमासीकमा रु.१६०००, दोस्रो चौमासिकमा रु.१६००० र तेस्रो चौमासीकमा रु.१२०००.० गरी रु.४४०००.० बैक खातामा पठाएको पाइयो । जेष्ठ नागरीकलाई रु.१२०००. का दरले रु.३६०००.० पठाउनु पर्नेमा रु.८०००.० बढी बैक खातामा दाखिला गरेको रकम निजसँग असुल गरी बेरुजु खातामा दाखिला गर्नु पर्ने रु. | ८००० |
| ३८. | **पेन्सनरलाई सामाजिक सुरक्षाः** नगरपालिकाले यस आ.ब मा रु.९७३५६०००.० सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ । सामाजिक सुरक्षा ऐन, को दफा १५ मा निवृत्तभरण पाइरहेका तथा नियमित रुपमा पारिश्रमिक पाइरहेका व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने व्यवस्था रहेको तर कतिपय स्थानीय तहमा राज्यबाट अन्य सुविधा पाईरहेका व्यत्तिले दोहोरो पर्ने गरी सामाजिक सुरक्षा भत्ता गर्ने गरेको देखिदा यस्तो प्रवृत्तिलाई रोक्नका लागि सबै स्थानीय तहले तत्काल छानविन गरी दोहोरी सुविधा लिएको भए त्यती रकम यकिन गरी सरकारी बाँकी सरह असुल उपर गर्ने व्यहोराको अख्तियार दुरुपयोग अनुसन्धान अयोग, अनुसन्धान महाशाखा नं.४ च.नं ६४२१ मिती ०७७/६/८ पत्र अनुसार आ.ब २०७६/०७७ को तेस्रो चौमासिकमा यस नगरपालिकाबाट कति जना पेन्सनरलाई सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा विवरण प्राप्त हुन अएन। पेन्सनरले बुझेको सामाजिक सुरक्षा भत्ताको रकम यकीन गरी सम्बन्धीतबाट असुल गरी बेरुजु खातामा दाखिला गर्नु पर्दछ । | |
| | **स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमतर्फः** | |
| ३९. | **राजनैतिक दल सम्वद्ध भौतिक संरचनाः** स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ को बुँदा नं.८(२) कार्यक्रम अन्तर्गत राजनीतिक दल सम्बद्ध संगठनको पूर्वाधार विकास सम्बन्धी आयोजना सञ्चालन गर्न, जग्गा खरिद वा मुआव्जा वितरण गर्न, सामग्री खरिद गरी वितरण गर्न, गैर सरकारी संस्था वा सहकारी संस्था मार्फत आयोजना कार्यान्वयन गर्न र भौतिक पूर्वाधार विकास बाहेक अन्य प्रकृतिका आयोजना छनौट गर्न नपाईने व्यवस्था रहेकोमा नगरपालिकालाई रु.१३००००००.० बजेट अएकोमा रु.११८२५६१३.१९ खर्च र रु.११७४३८६.८१ कोरोना कोषमा ट्रान्सफर गरेको छ । | |
| | **विपद् व्यवस्थापन** | |
| ४०. | **विपद् व्यवस्थापन कोष —** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात रु. १८६००००.० भएकोमा यस वर्ष यस कोषमा अम्दानी बँधी विपद व्यवस्थापन समितिको निणय बमोजिम रु.१०६४६३३.० खर्च गरेको पाइयो । | |
| ४१. | **वार्षिक प्रतिवेदन —** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ४२. | **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छः | |
| ४२.१ | पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ । | |
| ४३. | **कोभिड–१९ तर्फः** | |
| | आ.व. २०७६।७७ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छ। | |

| आम्दानी स्रोत | रकम रु | खर्च शिर्षक | रकम रु |
|---|---|---|---|
| प्रदेश सञ्चित कोषवाट | १०,००,०००.० | राहात वितरण | ११,००,७१२.० |
| स्थानिय तहको आफ्नै वजेटवाट | ५०,००,०००.० | क्वारेन्टाइन निर्माणा तथा व्यवस्थापन | १५,५५,१०७.० |
| अन्य स्रोतवाट | ३९,२८,६२८.१४ | आइशोलेसन केन्द्र निर्माण व्यवस्थापन | २,०३,६६८.० |
| | | जनशक्ती परिचालन | १५,१८,१४८.० |
| | | औषधी एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरिद | ८,७१,७८७.० |
| | | अन्य | ३४९,९४३.९२ |
| | | वाँकी बैक मौज्दात | ४३,२९,२६२.२२ |
| जम्मा | ९९,२८,६२८.१४ | जम्मा | ९९,२८,६२८.१४ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४३.१ | कोरोना भाइरस सम्वन्धी क्वारेण्टाइन सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड २०७६ मा क्वारेण्टाइनमा बस्ने व्यक्तिहरको प्रतिदिन प्रतिव्यक्ति क्वारेण्टाइन रहेको जिल्लामा कार्यरत नेपाल प्रहरीको लागि निर्धारित राशन दर दैनिक रु.१७२.० बमोजिमको खाना खाजा खर्च उपलब्ध गराइनेछ । साथै क्वारेण्टाइनमा रहेका व्यक्तिहरुलाई उपलब्ध गराइने खजा खाना सुरक्षा निकायबाट व्यवस्थापन गरिनेछ भन्ने व्यवस्था भएता पनि नगरपालिकाले क्वारेण्टाइनमा बस्ने व्यक्तीहरुलाई खाना खाजाको नगर कार्यपालिकाको निर्णय अनुसार जनही रु.४००। का दरले रु.९१८३२०.० भुक्तानी गरेको छ । | |
| ४३.२ | मिति २०७७/३/७ को संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र अनुसार स्थानीय पूर्वाधार साझेदारी कार्यक्रममा खर्च नभएर रहेको रु.११७४३८६.८१ कोरोना कोषमा ट्रान्सफर गरेको छ । | |
| ४३.३. | **जोखिम भत्ता —** कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तीको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को ७ (घ) मा कोभिड-१९को परीक्षणमा संलग्न जनशक्ति मध्ये प्रत्यक्षरुपमा परीक्षण तथा प्रमाण संकलनमा संलग्न जनशक्तिलाई दोहोरो नपर्ने गरी नेपाल सरकारले तोकेको शुरु तलब स्केलको शत प्रतिशत, र खण्ड क,ख र घ को कार्यमा सहयोग पुर्याउने कार्यमा सम्लग्न जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलब स्केलको ५०% प्रतिशत जोखिम भत्ता उपलव्ध गराउने व्यवस्था छ । नगरपालिकाले कोरोना संक्रमणको समयमा काम गरेको भनी स्वास्थ्य शाखामा कार्यरत ५४ जना स्थायी र करार दुवै कर्मचारीहरुलाई रु.१९९९१७६.० जोखिम भत्ता वितरण गरेको छ । | |
| ४४. | **सोझै खरिद** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ | |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष विभिन्न मितिमा रु.५ लाख नबढ्ने गरी पूँजीगत फर्निचर तथा फिक्चर्समा रु.१२१६०००.० र कार्यालय सामानमा रु.१७६८०००.० गरी रु.२९८४०००.० को समान खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको सोझै खरिद गरेको अनियमित देखिएको रु.</td><td>२९८४०००</td></tr>
<tr><td>४५.</td><td>पेश्की बाँकीः पालिकाले देहाय अनुसार पेश्की फछ्र्यौट नगरेकोले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा भएको व्यवस्था अनुसार निर्माण व्यावसायको आ.व. को अन्तमा फछ्र्यौट गर्नुपर्दछ ।</td><td>.</td></tr>
<tr><td></td><td><table>
<tr><th>भौ.नं. र मिति</th><th>पेश्कीको विवरण</th><th>पेश्की रकम</th></tr>
<tr><td>४८६-०७७/३/२९</td><td>ब्रदर्श कन्ट्रयाक्टीङ्ग एण्ड कन्ष्ट्रक्सन प्रा.ली</td><td>५५५५६५.०</td></tr>
</table></td><td></td></tr>
</table>

अनुसूची— १
(रु.हजारमा)

**भिमाद नगरपालिकाको सञ्चित कोष विवरण**
२०७६।७७

| क.स. | प्रदेश | स्थानीय तह | जिल्ला | लेखापरीक्षण रकम (६+१०) | बेरुजू रकम | आय | | | | | | व्याय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | गतवर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व वाँडफाँट रकम | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजिगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | | | | १ | २ | ३ | ४ | ५ | ६(२+३+४+५) | ७ | ८ | ९ | १०(७+८+९) | ११(१+६-१०) |
| १ | गण्डकी | भिमाद नगरपालिका | तनहुँ | ११३६१४६ | ७५९५ | ८३७३३ | ३५१६६९ | ६२६६६ | ११३४७७ | ६३७४४ | ५९१५५६ | २५१९९० | १५७३७६ | १३५२२४ | ५४४५९० | १३०६९९ |

अनुसूची— २
(रु.हजारमा)

**बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)**

| क.स. | प्रदेश | स्थानीय तह | जिल्ला | प्रारम्भिक वेरुजु | | | प्रतिक्रियावाट फछ्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | | सैदान्तिक | लगति | | सैदान्तिक | लगति | | सैदान्तिक | लगति | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| १ | गण्डकी | भिमाद नगरपालिका | तनहुँ | ४२ | ९ | ८१५१ | ० | १ | ५५६ | ४२ | ८ | ७५९५ | ६४४ | ५२४६ | १७०५ | ० | ० | ६९५१ | ० | ० | ० |

अनुसूची— ३
(रु.हजारमा)

**अद्यावधिक वेरुजू स्थिति**

| क स | स्थानीय तह | जिल्ला | गत वर्ष सम्मको वाँकी | यस वर्षको फछ्यौट | वाँकी | यो वर्षको सं प. वाट कायम भएको वेरुजु | यो वर्षको वेरुजु | कुल वाँकी वेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १ | भिमाद नगरपालिका | तनहुँ | ४०२५ | ३८५३ | १७२ | | ७५९५ | ७७६७ |